नगरकै एक्ली महिला अटो चालक । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालयः
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेलः
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१३, ● अंक-२४ ● २०७७ पौष १३ गते सोमबार, ● 28 Dec. 2020, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## 'सक्रिय साक्षी'



◆ विकास संवाददाता

थाहा नगरपालिका-५ तसरका हीराबहादुर घलान भीमफेदीबाट गाडी बोकेर काठमाडौं पुऱ्याएको सुनाउँथे । कथाजस्तो कुरा सुन्दा नयाँ पुस्ता छक्क पर्थे । भीमफेदीबाट काठमाडौंसम्म गाडी बोक्नेमध्येका उनै घलानको निधन भएको छ । वडाध्यक्ष विष्णुबहादुर गुरूङले घलानको ८९ वर्षको उमेरमा ७ पुस राति निधन भएको जानकारी दिए ।

घलानले २०१३ सालअघि त्रिभुवन राजपथ नबनेसम्म साना-ठूला गरी २३ वटा गाडी बोकेर काठमाडौं पुऱ्याएका थिए । १७ वर्षको उमेरदेखि उक्त काममा लागेका उनले एउटा गाडी भीमफेदीबाट चित्लाङ हुँदै थानकोट पुऱ्याएको ९ रूपैयाँ पाउँथे ।

टोलीमा सबैभन्दा बलिया घलानलाई नाइकेले अग्रभागमा राखेर गाडी बोकाउँथे। गाडी सात दिनमै काठमाडौं पुऱ्याउँदा नाइकेले एक पटक २० रूपैयाँ बसिक्स दिएका थिए। उनले गाडी बोक्नुभन्दा पहिला नै १३ वर्षको उमेरमा वीरगन्ज जाँदा गाडी चढेका थिए।

उनले ९६ जनाले बोक्ने १, ६४ जनाले बोक्ने ४ र बाँकी साना गाडी भीमफेदीबाट थानकोट पुऱ्याएका थिए। 'पहिला मान्छेले गाडी बोक्थ्यो। अहिले गाडीले मान्छे बोक्छ', उनले एक वर्षअघि आफ्नै निवासमा संवाददातासंग कुरा गर्दै भनेका थिए । उनले विगतको कुरा सुनाउँदा नातानातिनाले नपत्याउने गरेको गुनासो गरेका थिए । त्यसबेला एउटा गाडी काठमाडौं पुऱ्याउन १० देखि २२ दिनसम्म लाग्थ्यो । 'चक्का र बम्परमा नोल दुईतिर राखेर बाबियोको डोरी र तारले बानेर अगाडि-पछाडि परालको चप्पल लगाएर गाडी बाक्ने गर्थ्यौं', उनले एक वर्षअघि

बाँकी पेज ५ मा

# थाहामा होटल रिसोर्ट थपिँदै


विकास संवाददाता
थाहा नगर

मकवानपुरको पर्यटकीय क्षेत्र दामनमा आन्तरिक एवं बाह्य पर्यटक बढेपछि ठूला लगानीमा रिसोर्ट पनि थपिँदै छन् । मकवानपुरको दामन क्षेत्रमा होटल तथा रिसोर्टहरू कोरोना कहरकाबीच पनि थपिदै गएको थाहा होटल एशोसिएशनका महासचिव उकेशचन्द्र केसीले जानकारी दिए । व्यवशायिक चुनौति भएपनि होटलहरू थपिदै जानू पर्यटन प्रवर्द्धनको राम्रो आधार बनेको महासचिव केसीको भनाइ छ ।

## नयाँगाउँमा साहारा रिसोर्ट खुल्यो

यहि ९ पुसमा मात्र थाहा नगरपालिका वडा नम्बर ४ मा साहारा रिसोर्टको शुभारम्भ भएको छ । साहारा रिसोर्ट प्रा.लि.ले संचालमा ल्याएको रिसोर्टको संचालक हरेराम कार्कीका बाबु राजाराम कार्की र आमा नानीमैयाँ कार्कीले संयुक्त रूपमा उद्घाटन गरे । अन्य अतिथिहरूको आतिथ्यमा भन्दा आफूले गरेका कार्यमा बाबु आमाबाटै उद्घाटन गराउँदा थप उत्साह मिल्ने भएकोले फरक ढाँचामा होटल उद्घाटन गरिएको कार्कीले बताए । निर्माण थालनीको करिब दुईवर्षमा सम्पन्न भई रिसोर्ट संचालनमा आएको रिसोर्टका प्रबन्ध निर्देशक हरेराम कार्कीले जानकारी दिए । पर्यटन उद्योगलाई थप बमबुद बनाउने र थाहानगरमा पर्यटक भित्र्याउने उद्देश्यले संचालनमा आएको रिसोर्टले पनि अन्य होटल रिसोर्टले झै प्याकेजहरू घोषणा गरेको छ ।

रिसोर्टले भ्रानेको मःमः हाँसको छोइला आफ्नो 'ब्राण्ड' बनाएको छ । दामनको नयाँगाउँमा साँढे ३ करोड लगानीमा स्थापना भएको यहाँको यो कान्छो रिसोर्ट हो । डिलक्स तथा सामान्य गरी १५ वटा कोठा रहेको रिसोर्टका सबै कोठा एट्याज रहेका छन् । रिसोर्टमा विभिन्न सभा तथा सेमिनार संचालनका लागि एकसय जना क्षमता रहेको हल रहेको छ । व्यवस्थित पार्किङ तथा दृश्यावलोकनको लागि उचीत यस रिसोर्टको शुभारम्भसंगै थाहानगरमा पर्यटक भित्रनमा वृद्धि हुने निर्देशक कार्कीले आशा व्यक्त गरे । रिसोर्ट साँढे २३ रोपनी क्षेत्रफलमा फैलिएको छ । रिसोर्ट क्षेत्रमा लगाइएको ताजा तरकारीहरू नै पर्यटकहरूलाई खुवाउने भएको हुँदा पारिवारिक वातावरणको साथै अर्गानिक खानेकुराको उपलब्धता हुने कार्कीले बताए ।



थाहा-४ नयाँगाउँमा खुलेको साहारा रिसोर्ट । फोटोः गणेश विष्ट/विकास

त्यस्तै रिसोर्टले नाफाको ५ प्रतिशत रकम सामाजिक क्षेत्रमा लगाउने घोषणा गरेको छ । साहारा रिसोर्टको वार्षिक लेखा परीक्षणमा भएको नाफाको ५ प्रतिशत शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा अभाव खड्केका मानिसहरूलाई 'साहारा' स्वरूप खर्च गरिने प्रवन्ध निर्देशक कार्कीले बताए ।

साहारा रिसोर्टको आडैमा होटल पाइनस, होटल सुनगाभा लगायतका होटलहरू यसअघि नै संचालनमा आइसकेका छन् । निकै लोकप्रियता कमाएका यि दुई होटल नजिकै साहारा खुलेको हो । प्राकृतिक दृश्य एवं ऐतिहासिक र सांस्कृतिक सम्पदाले भरिभराउ मकवानपुरको थाहानगरका विभिन्न वडाहरूमा समेत होटल तथा रिसोर्टहरू थपिदै छन् । थाहा नगरपालिका वडा नम्बर १ ओखबर बजारमा होटल फ्रेण्डसिप, बज्रवाराही क्षेत्र तथा चित्लाङ क्षेत्रमा पनि होटल तथा रिसोर्टहरू निर्माणाधिन अवस्थामा रहेको थाहा होटल

बाँकी पेज ५ मा

व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

तीनै तहका सरकार जिम्मेवार:
अन्त्य गरौं लैङ्गिक हिंसा र दुर्व्यहार

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-८ गिडिया चोक, सम्पर्क नं. ९८०७२२५०७२
२०७७ पौष १३ गते सोमबार, 28 Dec. 2020, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


## • सम्पादकीय •

### कृषिमा अनुदानः पहुँचवालालाई कि किसानलाई ?

वर्षौनी संघ, प्रदेश तथा स्थानीय सरकारले प्रदान गर्दै आएको कृषि अनुदानबाट पहुँचवाला ठूला किसान मात्रै लाभान्वित हुने गरेको गुनासो आउने क्रम रोकिएको छैन । सरकारले नै तयार पारेको कृषि विकासका क्षेत्रमा प्रदान गरिने अनुदानको प्रभावकारिता सम्बन्धी अध्ययन प्रतिवेदनमै पहुँच हुने किसानले मात्रै अनुदान पाएको उल्लेख छ । पटक–पटक गर्ने अध्ययनको कृषि विकास मन्त्रालयले अनुदान वास्तविक किसानसम्म नपुग्ने गरेको निष्कर्ष निकाल्छ तर अनुदान गैरकिसानसम्म पुग्ने क्रम रोकिएको पनि छैन । यसले एकातिर सरकारी बजेटको दुरुपयोग भइरहेको छ भने अर्कोतिर वास्तविक किसान निरुत्साहित हुने अवस्था छ । यो अवस्थालाई रोक्न कृषि अनुदान वास्तविक किसानसम्म पुग्ने र त्यसको सदुपयोगको सुनिश्चितता कायम गरिनुपर्छ । त्यसै पनि अहिले कृषिमा युवा आकर्षण घटिरहेको छ । आफ्ना पुर्ख्यौली खेतबारी बाँझो राखेर युवाहरु वैदेशिक रोजगारीमा उडिरहेका छन् । जसले गर्दा खेतीयोग्य जमिन बाँझो हुने क्रम बढिरहेको छ । त्यसो त अब्यवस्थित वस्ती विकास, गुणस्तरीय बीउ, सरल र सहज मल नपाउने समस्याका कारण पनि खेतीयोग्य जमिन घटिरहेको छ ।

कृषिसम्बन्धी तथ्यांक हेर्दा पनि कृषिप्रतिको आकर्षण घटिरहेको देखिन्छ । राष्ट्रिय कृषि गणना २०५८–२०६८ तुलना गर्ने हो भने पनि धान बालीमा छ प्रतिशत, गहुँ बालीमा छ प्रतिशत, मकै बालीमा १२ प्रतिशत, कोदो बालीमा १९ प्रतिशत, जौ बालीमा ३५ प्रतिशत, फापर बालीमा ४० प्रतिशत, कोसे बालीमा २१ प्रतिशत र तोरी बालीमा १३ प्रतिशतले घटेको छ । राष्ट्रिय कृषि गणना २०७८ आउँदासम्म यो क्रम अझै घट्ने देखिन्छ । एकातिर हामी समृद्धिको दिशामा अघि बढ्नुछ, समृद्धिको मुख्य आधार कृषि नै भनेका छौं । यो अवस्थामा कृषिप्रति आकर्षण घट्नु र उत्पादन पनि घट्नु राम्रो सूचक होइन । सरकारले कृषि उत्पादन बढाउन केही नगरेको होइन तर यो प्रभावकारी हुन सकिरहेको छैन । फेरि पनि सरकारी कार्यक्रम पहुँचवालाकै वरिपरि घुम्ने प्रवृत्तिले वास्तविक किसान कृषि क्षेत्रबाट टाढा हुने स्थिति बनिरहेको छ ।

यो अवस्थामा सुधार ल्याउन मुख्यतः स्थानीय सरकारले ध्यान दिनुपर्छ । आफ्ना पालिकाभित्र को वास्तविक किसान हो, उसको फार्ममा लगानी गर्दा उत्पादन बृद्धि भएर देशको कूल ग्रार्हस्थ उत्पादनमा कति फाइदा हुन्छ भनेर अध्ययन गर्ने काम स्थानीय तहले गर्नुपर्छ । प्रथमतः स्थानीय तहहरुसंग आफ्ना पलिका क्षेत्रको वडागत तथा पालिकास्तरमा तथ्याङ्क हुनु पर्दछ । तथ्याङ्कलाई आधार मानेर मापदण्ड तयार गर्नु पर्दछ । बनाइएको कार्यविधि र मापदण्डका आधारमा किसानका लागि अनुदानका कार्यक्रमहरु संचालन गर्न आवश्यक छ । यसतर्फ अधिकांश स्थानीय पालिकाहरुको ध्यान गएको पाईदैन, यो ध्यान दिनै पर्ने कुरा हो । अनि स्थानीय तहको कृषि शाखाले दिएको रायका आधारमा मात्रै कृषि अनुदान वितरणको ब्यवस्था गरिनुपर्छ । अन्यथा, जतिसुकै राम्रा कार्यक्रम ल्याए पनि पहुँचवालाकै पकडभित्रै हराउने निश्चित छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# पत्रकारले राजनिति गर्नुहुन्छ ?



शम्भु अधिकारी

सामाजिक सञ्जालमा बारम्बार पोष्ट हुने प्रश्न हो, पत्रकारले राजनिती गर्नु हुन्छ कि हुदैन ? बहस आजसम्म कसैले गरेको छैन तर प्रश्न पत्रकारले समाचारमा राजनिती गर्नु हन्छ कि हुदैन भन्ने हुनुपर्ने हो । कुनै पनि पत्रकार विचार शुन्य हुन पनि सक्दैन । विचार नभएको व्यक्ति पत्रकार शुन्य हुन पनि सक्दैन । राजनिति विचार, सिद्धान्त हुँदै अन्तत समाजसंग जोडिन्छ र पत्रकारिता पनि यसैतर्फ लक्षित हुन्छ । उदेश्का हिसाबले पनि राजनिति र पत्रकारिता उस्तै देखिन्छन ।सकारात्मक परिवर्तनका लागि दुबैको सकियता हुने गरेको छ र हुनुपर्छ । त्यसो भए पत्रकारले राजनिति गर्न हुन्छ गर्न हुन्छ कि हुदैन ? पत्रकारले राजनिति गर्न हुन्छ तर समाचारमा राजनिति गर्न हुँदैन ।

राजनिति गर्नु अर्मुत विषय हो, समाचारमा राजनिति गर्नु मुर्त विषय र व्यवसायिकताका नाममा होस् या अन्य कुनै सर्न्दभमा विचार शून्य रहेर मान्छे र हन सक्दैन । खेलमा त हामी स्वभाविक रूपमा एक टिमको पक्षमा हुन्छौ, त्यसैले दृष्टिकोण दिने बेलामा व्यक्ति एउटा निश्कर्षमा पुग्छ, विचार दिन्छ, पक्षधर देखाउछ । त्यो उसले तत्काल बुझेको, भोगेको र देखेको आधारमा पनि हुन सक्छ । हामीले राजनितिलाई कुनै अमुक दलको विचारको पक्षमा लाग्नु र वकालत गर्नुका रूपमा बुझ्ने गरेको कारणले समस्या आएको देखिन्छ । पत्रकार मात्र होइन जुनसुकै पेसा व्यवसाय वा पेसामा संलग्न व्यक्तिले राजनिति गर्न पाउनुपर्छ । यो उसले पाएको संबैधानिक हक पनि हो । प्रश्न यतिमात्र होकि उसले राख्ने दलिय झुकाबले उसले अंगाल्ने पेसा, सेवा, व्यवसायमा असर पारेको छकि छैन ? चिकित्सकले भिन्न र ाजनितिक विचार भएकाको उपचार गर्दिन भने, न्ययायधिशले वैचारीक आस्थाका आधारमा कानुन र प्रमाण व्याख्याको धर्म छोड्यो भने निश्चय पनि दुर्भाग्यपुर्ण हुन्छ । त्यस बेला उनिहरूले साँचो अर्थमा राजनिति गरेको ठर्हछ । तर पेसागत मर्यादा कायम राखेर कुनै दल विशेषको वकालत गर्छ र विचारको प्रर्वद्धन गर्छ भने उसलाई आस्थाको बन्दीको रूपमा व्याख्या गरिनू हुदैन ।

फेरि पनि प्रश्न उठ्छ, के त्यसो भए पत्रकारले राजनिति गर्नु हुन्छ ? यो प्रश्न आफैमा अपुर्ण छ । समाजमा पत्रकार माथि गरिने यो प्रश्न नै अर्मुत छ । यसको कारण पत्रकारिता पेसामा बारम्बार प्रश्न उठेका छन । पत्रकारले राजनिति त्यसबेला छोड्नु पर्छ जब उ समाचार तयार गरिरहेको हुन्छ। कुनै दल विशेषको पुर्णकालिन कार्यकर्ता समेत सुचना प्रवाहमा पक्षधरताभन्दा माथि उठ्न सक्ने ल्याकत राख्छ भने,पत्रकारिता प्रतिको लगाब र पेशागत मर्यादामा प्रश्न उठाइनुहुन्न। पत्रकारिता पेसा अङ्गालेरै जीविका चलाउने व्यक्ति पत्रकार हुन भन्ने मान्यता हामिकहाँ छ। त्यस अर्थमा उसको जिविकोपार्जनको अवस्था र आधारमा पत्रकार, राजनितिज्ञ या अन्य पेसाकर्मी छुट्टयाइयो भने पत्रकार माथि लाग्ने गरेको बारम्बारको राजरनतीक पक्षधरता अभियोगबाट मुक्ति मिल्न सक्छ ।

कुनै दल विशेषलाइ भोट हालेको, त्यसको भातृ संगठनमा संलग्न भएर फुकाब राखेको आधारमा पत्रकारलाइ आस्थाको बन्दी मान्न मिल्दैन । समाचार कक्षमा प्रवेश गर्दा दल निकटस्थ या अन्य आस्थारूपी जुत्ता मात्र होइन चस्मा समेत फुकाल्न सक्ने अवस्थामा रहेसम्मका पत्रकारलाई राजनितिज्ञका रूपमा चित्रित गरिनु हुन्न ।

पत्रकारले कुन हदसम्मको मर्यादा र नैतिकतामा रहने भन्ने प्रचलित कानुन, आचारसंहिता, निति लगायतले व्याख्या र व्यवस्था गरेका छन् । त्यसको मर्यादा र सीमामा रहेर व्यवसायिकता प्रदर्शन गर्न सके दलिय निकटता या समाचार कक्ष बाहिर दल विशेषको वकालत गरेकै आधारमा पत्रकारलाइ नेता र राजनितिज्ञको दागबाट मुक्त हुन सक्छन ।

मुल मन्त्र यति मात्र होस, पत्रकारले समाचारमा राजनिति गर्नु हुदैन । पत्रकारका नाममा गरिने राजनिति विवेचनायुक्त हुन सक्ला तर समाचारमा गरिने राजनीतिलाई भने पुर्णरूपमा अस्वीकार गरिनुपर्छ । पत्रकार बन्नु अघि र पत्रिकार भैरहदा समाचारमा राजनिति गर्छ भने त्यो जनता, समाज, व्यवस्था र प्रचलन माथिको अपराध हुन्छ । त्यसैले पत्रकार राजनीतिबाट होइन अपराध गर्नुबाट बच्नुपर्छ ।

# कृषि अर्थतन्त्रमा सुधारका प्रयास

**– केशव आचार्य**

कृषिमा निर्भर रहेर गरिने आर्थिक क्रियाकलापहरूको योगलाई कृषि अर्थत्रन्त्र भनिन्छ । नेपालको अर्थतन्त्रको मुख्य आधार कृषि नै हो । यसको उत्थान र विकासका लागि सरकारले विभित्र प्रयास अगाडि सारिरहेको छ ।

कोभिड–१९ ले विश्व अर्थतन्त्रमा ल्याएको मन्दीसँगै कृषिक्षेत्रको महत्त्व बढ्दै गएको हो । नेपालमा पनि लगभग ६५ प्रतिशत मानिसको मुख्य पेशा कृषि नै छ । यो सम्पूर्ण जीवको प्राणाधार हो । यसलाई सदुपयोग, संवर्द्धन र प्रवर्द्धन गर्दा भोक र रोगबाट बाँचिन्छ । यसको उत्पादनको गुणस्तर समान हुन्छ भने उत्पादनको दर प्रकृतिमा निर्भर गर्छ ।

नेपालमा उत्पादन हुने मुख्य बालीहरूमा धान, मकै, गहुँ, कोदो, जौ र फापर पर्छन् । कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २६ दशमलव ५० प्रतिशत रहेको छ । कृषि तथा पशुपन्छी मन्त्रालयको २०७७ का डायरी हेर्दा- नेपालमा खेतीयोग्य जमीन ४० लाख हेक्टर छ । ४० लाख हेक्टर खेतीयोग्य जमीनमध्ये ३० लाख ९१ हजार हेक्टरमा मात्र खेती गरिएको छ । कृषिको क्षेत्रफललाई मात्र नियाल्दा हिमाली क्षेत्रमा ३५ प्रतिशत, पहाडी क्षेत्रमा ४२ प्रतिशत र तराई क्षेत्रमा २३ प्रतिशत मात्र जमीन छ । यसबाट आव २०७५र७६ मा कुल १ करोड ६८ लाख ५ हजार ५ सय ५० मेट्रिक टन खाद्यान्न उत्पादन भएको थियो । नेपालका प्रतिवर्ष चामल, मकै, गहुँ, कोदो, जौ, फापर गरी ६१ लाख मेट्रिक टन आवश्यक पर्छ । यसरी हेर्दा खाद्यात्र उत्पादन अधिक नै देखिन्छ । तर, आवश्यक भण्डारण र बजारको व्यवस्थापन नहुँदा उत्पादनकै समयमा खलाबाटै अन्न भारत जाने र पछि खाद्यात्र अभाव हुने समयमा भार तबाटै खरीद गरेर खानुपर्ने अवस्था छ । कुल खेतीयोग्य जमीनको लगभग २०/२५ प्रतिशत बाँझै छ । मानिस कामको सिलसिलामा जहाँ गयो त्यही बसे । कृषिमा फर्किएनन् । कृषि उत्पादनभन्दा वैदेशिक रोजगारीमा सुख देख्नेहरू बढेर गए । सरकारले ल्याउने योजना साना र मझौला कृषकमुखी बन्न सकेको छैन ।

कृषि मन्त्रालय अन्य धेरै मन्त्रालयसँग जोडिन्छ । यी मन्त्रालयबीचका अनेकन सम्बन्धलाई जोड्न सके कृषिक्षेत्रमा सुनौलो अवसर रहेको छ । अन्तर मन्त्रालयहरूबीच राम्रो समन्वय हुनसक्दा बाँकी बाँझो रहेको जमीन उत्पादनमुखी बनाई कृषिमा मात्र ४ लाख श्रमशक्तिलाई प्रत्यक्ष रोजगारी र १० लाखभन्दा बढी श्रमशक्तिलाई अप्रत्यक्ष रोजगारी दिन सकिन्छ । यसका लागि गृहकार्य भइरहेको कृषि मन्त्रालयको भनाइ पनि छ । यो समयमा मुलुकमा बेरोजगारी थाम्ने र खाद्य संकट टार्ने एउटामात्र क्षेत्र कृषि हो । गतवर्ष सरकारले कृषि मन्त्रालयलाई ३४ अर्ब ८३ करोड २४ लाख ७१ हजार बजेट छुट्ट्याएको थियो । यो वर्ष ४१ अर्ब ४० करोड छुट्ट्याएको छ । माग गतवर्षको तुलनामा देब्बर नै गरेको हो । तर, ४१ अर्ब ४० करोड मात्र विनियोजन भयो । कृषिलाई थप उत्पादनमुखी/व्यवसायीमुखी बनाउन मन्त्रालयले विविध उपायहरू अवलम्बन गरिरहेको छ । यी उपायहरूमा कृषकलाई मल, बिउ, पानी, बिजुली सस्तो गरि दिने, गुणस्तरीय प्राविधिक सेवा उपलब्ध गराउने, बाली र वस्तुहरूको बीमा गरिदिने, कृषकलाई सस्तो र सुलभ ऋण उपलब्ध गराउने, बाली र वस्तुहरूको न्यूनतम समर्थन मूल्य तोकिदिने आदि हुन् । यी कामबाट किसानलाई सुरक्षाको अनुभूति गराउन सकिन्छ । कृषकले आफ्नो उत्पादनबाट प्रतिफल पाएमा उनीहरू थप उत्पादन वृद्धि गर्न लागिपर्छन् ।

नेपालको संविधान २०७२ मा उल्लिखित खाद्य अधिकार, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ तथा मानव सुरक्षालाई सम्बोधन गर्दै कृषिक्षेत्रको उत्थान र विकासका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमलाई सम्बोधन गर्नुपर्ने बताएको छ । अल्पकालीन कार्यक्रममा कृषकहरूको उत्पादनले बजार नपाएर खेर नजाओस् भन्नका लागि स्थानीय सरकारले खरीद गरेर विपन्नलाई राहत बाँड्ने नीति छ । बजारमा आपूर्ति घटेपछि उपलब्धता कम हुने र मूल्य पनि आकाशिने भएकाले तत्काल थन्क्याउन लागिएका बालीहरूको न्यूनतम मूल्य तोकेर किन्ने, भण्डारण गर्ने र आन्तरिक बजारमा सहज तरीकाले उपलब्ध गराउने नीति छ ।

# बालबालिका तनावमा छन् भन्ने यसरी थाहा पाउन सकिन्छ

कोरोना भाइरस रोगका कारण बालबालिकाको मानसिक स्वास्थ्यमा पनि असर पुगिरहेको छ । कुनै पनि महामारीको बेलामा आत्तिनु, डर लाग्नु, त्रसित हुनुलाई सामान्य प्रतिकारात्मकको रूपमा लिनुपर्छ । कोरोनाका कारण लामो समयदेखि बालबालिकाहरू पढ्ने विद्यालयहरू बन्द छन् । विद्यालय बन्द भएका कारण अहिले उनीहरूको अधिकांश समय घरपरिवार र समुदायमा बितिरहेको छ ।

सो क्रममा बालबालिकाहरूले घर र समुदायको वातावरणलाई देखिरहेका हुन्छन् । अहिले कोरोनाको डर सबैलाई छ । आफ्नै घरपरिवार र समुदायमा संक्रमणको डरले मानिसहरू बसिरहेको बालबालिकाहरूले देख्छन् र बुझ्छन् अनि यसको सिधा असर बालबालिकाको मानसिक स्वास्थ्यमा पर्न गएको छ । कोरोनाका कारण कति अभिभावकहरूको जागिर गुमेको छ यसले परिवार नै तनावमा बस्नु परिहेको छ जसको असर बालबालिकामा देखिइरहेको छ ।

### बालबालिकाको मानसिक स्वास्थ्यमा असर गरिरहेको छ भन्ने कसरी थाहा पाउने ?

बालबालिकामा ३ किसिमले मानसिक स्वास्थ्य समस्याको लक्षणहरू देखा पर्छन् । ती हुन् : भावानात्मक, शारीरिक र आनीबानीमा परिवर्तन । जब बालबालिकाहरू बिना कारण तर्सने, आत्तिने र उदास हुन्छन् भने उनीहरूलाई भावनात्मक मानसिक स्वास्थ्य समस्याको लक्षण हो भनेर बुझ्नुपर्दछ । यस्तै शारीरिक लक्षणमा टाउको दुख्नु, पेट दुख्नु, मुर्छा पर्नु, शरीरको अंग दुख्नु, सास फेर्न गारो हुनु, शरीर कमजोर हुनु हो ।

सम्पूर्ण अभिभावकले के कुरामा विशेष ध्यान दिनुपर्दछ भने, तनाव भएको बेलामा बालबालिकाहरूमा भावनात्मक भन्दा शारीरिक लक्षणहरू बढी देखा पर्छन् । यदि बच्चाहरूले टाउको दुख्यो, पेट दुख्यो भनेमा हामीले उनीहरूमा शारीरिक समस्याका अलवा मानसिक समस्या पनि त छैन भनेर पनि सोच्नुपर्छ ।

अर्को, रह्यो आनीबानीमा परिवर्तन । यदि बच्चाहरू एकदमै रिसाउने, सुतेको बेलामा ओछ्यानमै पिसाब फेर्ने, जिद्दी हुने, अटेरी हुने तथा दुर्व्यसनीमा फस्ने र आफूलाई नै हानी नोक्सानी हुने क्रियाकलाप गर्न थाल्छन् भने बालबालिकामा मानसिक समस्या छ भनेर बुझ्नुपर्दछ ।

धेरै समय घरमा नै बस्नुपर्ने भएपछि बालबालिहरूमा इन्टरनेटको लत पनि लागेको छ । मोबाइल, ग्याजेट तथा ट्याब्लेटको प्रयोगले बालबालिकाहरूमा इन्टरनेटको दुर्व्यसनीको जोखिम पनि उत्तिकै छ भने आफूलाई हानी नोक्सानी पुर्याउने काम पनि गर्न सक्दछन् ।

### बालबालिकाको मानसिक स्वास्थ्यलाई कसरी स्वस्थ राख्ने ?

सर्वप्रथम, अहिले विद्यालयहरू बन्द भएकाले बालबालिकाको दैनिकी परिवर्तन भएको छ । पहिला -पहिला बिहान उठ्ने, स्कूल जाने, स्कूलबाट आएर होमवर्क गर्ने जस्ता गतिविधि हुन्थ्यो । त्यसैले स्कूलनै नगएको हालको अवस्थामा पनि अभिभावकहरूले छोराछोरीको उमेर र बुझ्ने क्षमता हेरेर त्यस्तै दैनिकी बनाइदिनुपर्दछ ।

यस्तै घरभित्र विभिन्न किसिमका खेल्ने सामग्रीको व्यवस्था गरिदिनुपर्दछ । जस्तै लुँडो, चेस जस्ता खेल्ने सामग्री राख्न सकिन्छ । रूचिअनुसार बालबालिकालाई रमाउन दिनुपर्दछ । कोहीलाई गीत गाउन रूचि होला कोहीलाई नाच्न भने कसैलाई पेन्टिङ र कसैलाई कथा भन्न, उनीहरूका चाहनालाई बुझेर प्रोत्साहित गराउनुपर्दछ ।

उमेर उपयुक्त काम सिकाउन पनि सकिन्छ । उनीहरूलाई भान्छामा सघाउने काममा प्रोत्साहन गर्न सकिन्छ । उनीहरूसँग धेरै समय आमाबुवाले बिताउनुपर्दछ । बालबालिकालाई मोबाइल, ग्याजेट, ट्याब्लेटको प्रयोगमा कमी ल्याउन अभिभावहरूले पनि धेरै मोबाइल नचलाउने गर्नुपर्छ ।

# मोबाइलमा तल्लिन बालबालिकालाई कसरी पाठ्यपुस्तकमा अभ्यस्त गराउने ?

अहिलेका बच्चाहरू 'ग्याजेट्स'मा लिप्त हुन थालेका छन् । उनीहरू पाठ्यपुस्तकमा भन्दा मोबाइल, ल्यापटप, ट्याबमा समय बिताउन थालेका छन् । यसमा उनीहरू भिडियो हेर्छन्, गेम खेल्छन् । यसरी डिजिटल डिभाइसमा अभ्यस्त हुँदै गएका विद्यार्थीमा ध्यान केन्द्रित गर्ने क्षमता कमजोर हुँदैछ । उनीहरूलाई कक्षाकोठामा राखेर पाठ्यपुस्तक पढाउन लेखाउन चुनौतीपूर्ण हुन थालेको छ । जेनेरेशन जेड (१० देखि २४ बर्ष) र जेनेरेशन अल्फा (९ बर्षभन्दा कम उमेरका) बच्चा यस्तो दुनियामा पैदा भएका छन्, जहाँ स्मार्टफोनले उनीहरूको दिशा तय गरिरहेको छ ।

अहिलेका बालबालिका स्मार्टफोन एप्स र स्ट्रीमिङ प्लेटफर्मबाट आइरहेको उत्तेजनाको लतमा यसरी फसेका छन् कि, उनीहरूको ध्यान कक्षाकोठाबाट भंग भएको छ । यसले शिक्षकमाथि ठूलो चुनौती थपिएको छ । विद्यार्थीलाई प्रविधिका साथसाथै पारम्परिक शिक्षा कसरी दिने ?

### कृपया ध्यान दिनुहोस्

बच्चाको मस्तिष्कको विकास एक जटिल विषय हो । पछिल्लो केही बर्षमा विश्वभरका शोधकर्ताले एकाग्रतामाथि स्मार्टफोन र मिडिया मल्टी-टक्सिङको दुष्प्रभावमाथि चिन्ता व्यक्त गरेका छन् । 'रेजिंग जेनेरेशन टेक'का लेखक डाक्टर जिम टेलर भन्छन्, 'यसको स्पष्ट प्रमाण के भने, प्रविधि, सोशल मिडिया, इन्टरनेटसम्म तुरुन्त पहुँच र स्मार्टफोनले बच्चालाई हानी गरिरहेको छ ।'

उनको प्रमाण पूर्ण रूपमा प्रमाणित भएको छैन, उनको विरूद्ध तर्क पेश गर्न सकिन्छ । टेलर भन्छन्, 'हामीले बच्चाको सोच्ने र उनको मस्तिष्क विकासको तरिकालाई मौलिक रूपमा बदल्दैछौं ।'

फिलाडेल्फियामा सातौं र अठारौं क्लास ( १२ देखि १४ बर्ष)का बच्चालाई पढाउने लारा शाद भन्छन् कि, औसत किशोर लगभग २८ सेकेन्डसम्म ध्यान केन्द्रित गर्न सक्छन् । स्मार्टफोनले उनीहरूको दिमागी विकासलाई प्रभावित गरेको छ । र, शिक्षकले कुनै भेउ पाइर हेका छैनन् कि यसबाट कसरी विद्यार्थीलाई उन्मुक्ति दिलाउने ।

लारा शाद सन् २०१५ मा शिक्षक बनेकी थिइन् । उनले यस कुराको कुनै प्रशिक्षण लिएकी छैनन् कि, डिजिटल युगमा पैदा भएको बच्चालाई

### कसरी पढाउने ?

पारम्परिक स्कुलमा पाइने पाठ्यक्रम र पढाईमा प्रविधिको प्रभाव देख्न थालिएको छ । बच्चाहरूमा पाठ्यक्रममा आधारित डिजिटल मिडियादेखि इन्टाग्राम र स्नेपच्याट जस्ता एप्सको प्रयोग थप बढेको छ, जसमा चित्र भरमार छ । एरिका स्विफ्ट क्यालिफोर्नियामा एक विद्यालयमा छैठौं कक्षाका विद्यार्थी पढाउँछिन् । उनी भन्छिन्, 'लामो र जटिल पाठ पढाउन विद्यार्थीलाई निकै गाह्रो हुन थालेको छ । जबकी पहिलेका विद्यार्थीहरू यस्तो पाठ पढ्न कतिपनि झर्को मान्दैनथे ।'

अहिलेका विद्यार्थीहरू जटिल एवं लामो पाठ सहजै बुझ्न सक्दैनन् । उनीहरूलाई ब्रेक गर्दै पढाउनुपर्ने हुन्छ । कति बच्चाले त लामो पाठ पढ्न छाडिदिएका छन् । पाठलाई कुनै डिभाइसमा स्थान्तरण गर्नु पनि त्यती उपयोगी नहुन सक्छ । समस्या केवल प्रिन्टमा स्क्रिनलाई वरि यता दिनुभन्दा केही गहिरो छ ।

टेलरका अनुसार एकाग्रता कुनैपनि कुरा सिक्नका लागि प्रवेश द्वार हो । स्मरणले बुझाईलाई थप गहिराइमा पुऱ्याउँछ । टेलर भन्छन्, ध्यान दिने क्षमताबिना बच्चा कुनैपनि सूचना तयार गर्नमा सक्षम हुँदैन । उनीहरू त्यसलाई स्मरण गर्न पाइरहेका हुँदैनन् । यसको अर्थ के हो भने यो उनको व्याख्या, विश्लेषण, संश्लेषण र आलोचना गर्न पाउँदैनन र सूचनाको बारेमा कुनै निष्कर्षसम्म पुग्न सक्दैनन् ।'

### भविष्यको कक्षाकोठा

विद्यार्थीहरूले जब लामो पाठ बुझ्न वा स्मरण गर्न सक्दैनन्, तब शिक्षकले पाठलाई छोटो-छोटो हिस्सामा बर्गिकरण गर्छन् । शिक्षकलाई लाग्छ कि, छोटो पाठ उपयुक्त हुन्छ । कतिपय शिक्षकले विद्यार्थीमा एकाग्रता बढाउनका लागि ध्यान पनि गराइरहेका छन् । एक शिक्षकले विद्यार्थीलाई ध्यान एवं मेडिटेशनमा सहयोग पुऱ्याउनका लागि क्लाम एप पनि बनाएका थिए ।

कतिपय शिक्षक विद्यार्थीसँग गएर त्यहाँ संवाद गरिरहेका छन्, जहाँ उनीहरू हुनछन् । जस्तो कि युट्युब र इन्स्टाग्राम ।

एजुकेशनल पब्लिशर पियर्सनका ग्लोबल रिसर्च एन्ड इनसाइटका भाइस प्रसिडेन्ट आशा चोकसी एक शिक्षकको उदाहरण दिन्छन्, जसले एक वैज्ञानिक प्रयोगबाट आफ्नो भिडियो बनाए र त्यसलाई युट्युबमा राखिदिए । त्यही भिडियो उनले क्लासरूमको विद्यार्थीलाई देखाए र विद्यार्थीलाई पाठ सम्फाउने प्रयास गर्न थाले ।

डिजिटल प्लेटफर्ममा विद्यार्थीको ध्यान तान्न सकिन्छ, यदि त्यसमा उनीहरूको रूची भए । डेस्तलर ति शिक्षकको तारिफ गर्छन्, जसले नाजी दुष्प्रचार को इतिहासलाई साइबर बुलिङसँग जोडे । उनी भन्छन्, 'यदि तपाई अनिवार्य पाठ्यक्रममा आजको प्रासंगिक चिजलाई जोड्नुहुन्छ भने, त्यसलाई विद्यार्थीले बढी रूचीपूर्वक बुझ्ने कोशिस गर्छन् ।'

फ्लिपग्रिड जस्ता शैक्षणिक प्लेटफर्म, जहाँ विद्यार्थीले प्रजेन्टेशन दिएर आफ्नो भिडियो शेयर गर्न सक्छन्, शिक्षकले विद्यार्थीलाई यसमा जोडिएर सहयोग गर्न सक्छन् । पियर्सनको २०१८ को अध्ययनमा पाइयो कि जेनेरेशन जेडका विद्यार्थी किताबभन्दा भिडियो हेर्न रूचाउँछन् । शिक्षकपछि उनीहरूको लागि भिडियो नै सूचनाको दोस्रो सबैभन्दा ठूलो स्रोत हो । विद्यार्थीको ध्यान जुन कुरामा जान्छ, त्यसमै शिक्षकले पनि लय मिलाउँछन् भने उनीहरूको ध्यान केन्द्रित गर्न थप सहज हुन्छ ।

कतिपय विद्यालयले गूगल क्लासरूम जस्ता प्लेटफर्म अपनाएका छन्, जहाँ विद्यार्थी र अभिभावक ग्रेडर आगमी असाइनमेन्टको मनिटर गर्न सक्छन् । प्रविधिको माध्यमले पढाई कौशलमा जति नोक्सान पुऱ्याएको छ, उत्तिनै त्यसको भरपाई पनि गर्न सकेको छ ।

### कम्प्युटरबाट पढाई

लेक्सियाको यस विद्यालयमा निकै घतलाग्दो पठन विधी छ । त्यहाँ खेल-खेलमा विद्यार्थीलाई सहभागी गराउने र प्रोत्साहित गराउने गरिन्छ । प्रदर्शनको आधारमा विद्यार्थीको अलग समूह बनाइन्छ । सफल विद्यार्थीलाई अघिल्लो दर्जाको अफलाइन काम दिइन्छ । पछाडि परेका विद्यार्थीलाई डिजिटल अभ्यास गराइन्छ, जबसम्म उनीहरूले पूर्ण रूपमा पाठ सम्फदैनन् ।

अमेरिकी शिक्षा प्रौद्योगिकी क्षेत्रमा ग्लोबल लिडर हो । सन् २०१८ मा यहाँको एजु टेक कम्पनीले १ दशमलव ४५ अरब डलर जुटाएका थिए । तर, फ्लिपग्रिड र लेक्सिया जस्ता कम्पनीलाई दोस्रो देशले टक्कर दियो । पूर्वी एशियामा एजु टेक उद्योग तिब्र रूपमा फैलिएको छ । अमेरिकी प्लेटफर्म जस्ता न्यूटनले विदेशमा आफ्नो विस्तार गरेको छ । यी कम्पनी विद्यार्थीका लागि डिजिटल क्लासरूम बनाउनका लागि वैश्विक रूचीलाई दोहन गरिरहेको छ ।

### मिश्रित अध्ययन

शिक्षकले कक्षाकोठामा प्रविधि अपनाइरहेका छन् । तर, केही अध्ययनबाट के थाहा भएको छ भने पारम्परिक कक्षाकोठा बढी सफल हुनसक्छ । लन्डन स्कुल अफ इकोनमिक्सको सन् २०१५ को एक अध्ययनमा लेखिएको थियो कि, जब बर्मिघम, लन्डन, लीसेस्टर र म्यानचेस्टरको विद्यालयले कक्षाकोठामा फोनमाथि प्रतिवन्ध लगायो, तब त्यहाँ जिसिएसई परीक्षाको स्कोरमा सुधार आयो ।

न्यूरोसाइन्सका प्रोफेसर र 'द लर्निङ स्किल्स साइकल'का लेखक विलियम लेम सन् २०१४ को एक अध्ययनलाई अरू इशारा गर्छन् । त्यसबाट थाहा पाइएको थियो कक्षाकोठामा नोट्स लेख्ने विद्यार्थी ल्यापटपमा लेख्ने विद्यार्थीभन्दा बढी कुनैपनि सूचनालाई याद गर्न सक्छन् । लेम कुनैपनि पाठलाई स-सानो खण्डमा विभाजन गर्नु खतरनाक मान्छन् । उनका अनुसार एक पाठबाट अर्को पाठमा तुरून्तै जाँदा विद्यार्थीको स्मरण क्षमता विकास हुन पाउँदैन । जब शिक्षक कुनै पाठ सुरू गर्छन् तब विद्यार्थीले त्यस पाठ पूर्ण रूपमा स्मरण गर्नुपर्छ ।

त्यसो त प्रविधिका पक्षधर केही शिक्षाविद परम्परागत पठन विधीमा पनि कमी कमजोरी रहेको औंल्याउँछन् । त्यसैले प्रविधि र परम्पर ागत शिक्षा दुबैलाई मिश्रित गरेर अगाडि बढ्दा बढी प्रभावकारी हुने उनीहरूको भनाई छ । युनिभर्सिटी अफ वाशिङ्टन इन्फर्मेशन स्कुलका एशोसिएट प्रोफेसर केटी डेविस भन्छन्, 'मैले हालको बर्षमा शिक्षाविदका बीच एकदम चर्चा देखेको छु कि के व्याख्यानको माध्यमबाट पढ्नु एक अवशेष जस्तै हो र यो तरिका डाइनोसर जस्तै लोप हुनेछ ?'

डेविस स्विकार्छन् कि, नयाँ मिडिया एवं प्रविधिले नयाँ कौशल सिकाउँछ । तर, व्याख्यानको आफ्नै स्थान छ । भर्जिनियाका लेक्जान्ड्रिया सिटीका पब्लिक स्कुलका प्रमुख प्रविधि अधिकारी एलिजाबेथ हूवर प्रविधिको साहाराले शिक्षाको स्तर बढाउन प्रयासरत छन् । हूवर भन्छन् कि शिक्षक अहिले पनि उत्तिकै अपरिहार्य छ । र शिक्षकसँग आमने-सामने कुराकानी गर्नु आजपनि कक्षाकोठाको महत्वपूर्ण हिस्सा हो । हूवर प्रविधिको पक्ष त्यही लिन्छन्, जहाँ अफलाइन तरिकाले कुनै पाठ पढाउन असंभव हुन्छ ।

### आर्थिक पहल

शाद पनि भन्छन् कि, कुनै शिक्षक प्विधिमाथि केवल यसकारण निर्भर छन् किनभने उनीसँग प्रर्याप्त अफलाइन संसाधन उपलब्ध छैन । यदि विद्यालयमा अधिक वित्तिय सहायता उपलब्ध गराइयो जसको कारण शिक्षकले पिछडिएका विद्यार्थीमाथि ध्यान केन्द्रित गर्न सकोस्, तब लेक्सिया जस्तो प्रोग्रामको जरूरत छैन ।

फिलाडेल्फियाका शिक्षक सोफिया डेट १२ औं कक्षामा सामाजिक अध्ययन पढाउँछन् । उनी पनि शिक्षकको साटो प्रविधिमा पैसा खर्च गर्नु त्यती उपयुक्त नहुने बताउँछिन् । डेट भन्छिन्, 'कक्षामा प्रविधिलाई बढाव दिने प्रयास भइरहेको छ । अनुदान दिने संस्थानले ट्याब वा ल्यापटपका लागि मनलाग्दो पैसा दिइर हेको छ । तर, उनीहरू एक बर्षका लागि एक शिक्षकको तलब दिन मञ्जुर छैनन् ।'

डेट स्पष्ट गराउँछ कि कम आय वर्गका विद्यार्थीका लागि प्रविधिसम्मको एक समान पहुँच बहुत महत्वपूर्ण हुन्छ, तर यो व्यवस्थापन परिवर्तनको स्थान लिन सक्दैन ।

### सोच्न सिकौं

प्रविधिले शिक्षाको केही कुरालाई फितलो बनाउँछ, तर यसले विद्यार्थीलाई सशक्त पनि बनाउँछ । वास्तवमा हामी बच्चाको शिक्षा र सिक्ने तरिकालाई शसक्त बनाउनमा प्रविधिको भूमिका कम गर्नुपर्ने सोच्छौं ।

स्रोत : बिबिसी

# अधिकांश क्रसर उद्योग मापदण्ड विपरित संचालन



◆ विकास संवाददाता

बागमती प्रदेशअन्तर्गत मकवानपुर जिल्लामा सञ्चालित अधिकांश क्रसर उद्योग र बालुवा प्रशोधन उद्योग वर्तमान मापदण्ड विपरीत रहेको पाइएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार साविकको अथवा स्थापना गर्दा ती उद्योग मापदण्डअनुसार भए पनि अधिकांश उद्योग पछिल्लोपटक सरकारले निर्धारण गरेको वर्तमान मापदण्ड विपरीत रहेका छन् ।

जिल्लामा ३२ वटा क्रसर उद्योग र ७० वटा बालुवा प्रशोधन उद्योग रहेका छन् । सबै उद्योग कुनै न कुनै निकायमा दर्ता भएको पाइए पनि हालको वर्तमान मापदण्डभित्र नरहेको प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालले जानकारी दिए । केही बालुवा उद्योगले उद्देश्य विपरीत क्रसिङको कार्यसमेत पाइएकाले अनुमतिबाहेकका अन्य काम गर्न ती उद्योगलाई रोक लगाइने प्रमुख जिल्ला अधिकारी रिजालले बताए । जिल्ला प्रशासन कार्यालयका अनुसार ११ वटा क्रसर उद्योग र १४ वटा बालुवा प्रशोधन उद्योग समयावधिभित्र नवीकरण नभएको पाइएको छ ।

यसैगरी आठ वटा क्रसर उद्योग तथा १८ वटा बालुवा उद्योगले गत आर्थिक वर्ष ०७६/०७७ को कर चुक्ता नगरेको पाइएको प्रशासनले जनाएको छ ।

प्रदेश सरकारले २०७५ असोज ३० गते मन्त्रिपरिषद्बाट पास गरेको 'नदीजन्य पदार्थ संकलन र उपयोग कार्यविधि' कुनै पनि क्रसर उद्योग मापदण्डमा नभएको हो । उक्त कार्यविधिमा क्रसर उद्योग र बालुवा प्लान्ट सञ्चालन गर्न नदी खोलाका किनारबाट ३०० मिटरभन्दा टाढाको दूरीमा, हाइटेन्सन लाइनबाट १०० मिटर, राजमार्गबाट ३०० मिटर, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक संस्था र सुरक्षा निकायबाट एक किलोमिटरभन्दा टाढाको दूरीमा हुनु पर्नेछ ।

यस्तै मापदण्डानुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षबाट दुई किलोमिटर भन्दा टाढाको दूरी, घनाबस्तीबाट दुई किलोमिटरभन्दा धेरै दूरी, वन क्षेत्रबाट एक किलोमिटरभन्दा धेरैको दूरी, पक्की पुलबाट ५०० मिटरभन्दा टाढा हुनुपर्ने छ । मकवानपुरमा सञ्चालित सबै बालुवा प्लान्ट उद्योग र क्रसर उद्योग मापदण्डविपरीत पाइएको हो ।

## लाइसेन्सको फारम खुल्ने भो !

◆ विकास संवाददाता

यातायात व्यवस्था विभागले आगामी पुस १४ गते मंगलबारदेखि सवारी चालक अनुमति पत्र लाइसेन्सको फारम खोल्ने भएको छ ।

विभागले १० पुसमा एक सूचना जारी गर्दै १४ पुस मंगलबारदेखि अनलाइनमार्फत् फारम भर्न सकिने भएको छ । कोरोना भाइरसको महामारीका कारण गत वर्ष चैत ११ गतेदेखि सवारी चालकअनुमति पत्र लाइसेन्सको फारम भर्न बन्द गरिएको थियो ।

१० महिनापछि लाइसेन्स परीक्षा खुला गर्न लागिएको हो। विभागले सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डहरू परिपालन गर्ने व्यवस्था गरी अनलाइनमार्फत फारम भर्न लागिएको जानकारी दिएको छ ।

## फोनबाटै गुनासो

◆ विकास संवाददाता

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले टेलिफोन मार्फत गुनासो संबोधनको काम सुरू गरेको छ । प्रदेश अन्तर्गत कार्यरत प्रहरी कर्मचारीलाई पेशागत रूपमा जिम्मेवार बनाउन तथा तोकिएको जिम्मेवारी उच्च मनोबलका साथ सम्पादन गर्ने वातावरण सृजना गर्ने उद्धेश्यले यस प्रदेश अन्तर्गत कार्यरत प्रहरी कर्मचारीहरूको गुनासोलाई सम्बोधन गर्न प्रमुख समक्ष टेलीफोन मार्फत गुनासो व्यक्त गर्ने प्रहरी कर्मचारीहरूको उचित गुनासो सम्बोधन गरीएको छ ।

दर्जागत रूपमा निर्धारण गरीएको समय र बार अनुसार प्रहरी कर्मचारीहरूले आफुलाई प्रदान गरीएको समयमा प्रदेश प्रहरी प्रमुखको कार्यालयको नम्बर ९८५५०८४४४४ मा सम्पर्क गरी आफ्नो पिर मर्का, गुनासो तथा सल्लाह सुझाव राख्न सक्ने छन ।


## श्री मत्स्यनारायण माध्यमिक विद्यालय

थाहा नगरपालिका-२, मकवानपुर

### शिक्षक आवश्यकता सम्बन्धी सूचना !

सुचना प्रकाशित मिति: २०७७/०९/०५

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको मिति २०७७/०९/०३, च.नं. २८७ को अनुमति बमोजिम यस विद्यालयमा रिक्त रहेको मा.वि. गणित शिक्षक (राहत) पदपूर्ति गर्नुपर्ने भएको हुँदा तपसिल अनुसारका योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

तपशिल:

विज्ञापन नं. : १/०७७/०७८
विषय : गणित
तह : मा.वि. (राहत)
संख्या : १ (एक)
न्यूतम शैक्षिक योग्यता : गणित विषयमा कम्तिमा स्नातम उतीर्ण गरी तालिम प्राप्त र सम्बन्धीत तहको अध्यापन अनुमती पत्र प्राप्त गरेको
उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
दरखास्त आव्हान मिति: २०७७/०९/०५ देखि २०७७/०९/१८ सम्म
सम्पर्क मिति : २०७७/०९/१९
परीक्षा मिति : सम्पर्क मितिका दिन तोकिनेछ
परीक्षाको किसिम : लिखित। मौखिक र आवश्यकता अनुसार कक्षा अवलोकन
परीक्षा दस्तुर : रु.१५००/(एक हजार पाँचसय)

दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू:

१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी ।

सम्पर्क : ९८४५०७२०२६ (प्र.अ.)



## थाहा नगरपालिका

नगर कार्यपालिका कार्यालय इन्द्रायणी चौर

### साँझेदारीमा बाख्रा स्रोत केन्द्र स्थापनाको लागि बोका वितरण सम्बन्धी सूचना !

सुचना प्रकाशित मिति: २०७७/०९/०८

यस थाहा नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाख्रा स्रोत केन्द्र स्थापनाको लागि बाख्रा पकेट क्षेत्रका बाख्रापालक कृषक समूहहरुलाई लागत साँझेदारीमा बोयर क्रम बोका वितरण गर्नुपर्ने कार्यक्रम रहेको हुनाले तपसिल अनुसारको शर्तनामा पालना हुनेगरी आजकै मितिबाट लागू हुने गरी १५ दिनभित्र तपशिल अनुसारको कागजात लिई यस कार्यालय मा निवेदन पेश गर्नुहुन सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु:

१. बाख्रा पालन समूह दर्ता भएको र पान नम्बर लिएको हुनुपर्ने छ ।
२. कृषक समूहको नियमित बैठक बसेको हुनुपर्ने छ । *(२०० वटा बाख्रा भएको समूहको उद्देश्यसहितको बैठकको निर्णय प्रतिलिपी)*
३. समूहका सदस्यहरुको व्यवस्थित बाख्राको खोर निर्माण भएका हुनुपर्नेछ ।
४. लागत साँझेदारीमा छनोट भएपछि ५० प्रतिशत लगानीमा बोका खरिद गर्न सक्नुपर्नेछ ।

थप जानकारीका लागि :

९८४५०७२०४०, ९८४५५७५४४३ र ९८६११६११०६


# प्रशासन कार्यालयबाट स्थानीय पालिका 'अनुगमन

◆ विकास संवाददाता

बागमती प्रदेश अन्तर्गत जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लाका विभिन्न पालिका (स्थानिय तह) मा विकास निमार्णको पछिल्लो अवस्था र सेवा प्रवाहको अवस्थाबारे अनुगमन थालेको छ ।

जिल्लाभित्र विभिन्न पालिका भित्र सञ्चालन भएको विकास निमार्णको योजनाहरूको अवस्था साथै ति पालिकाहरूले जनतालाई पुर्‍याउदै आएको सेवा प्रभावहरूको पछिल्लो अवस्थाबाट प्रमुख जिल्ला अधिकारी गोविन्द रिजाल सहितको टोलीले अनुगमन गरेको हो । जिल्ला भित्र हुने विकास निमार्णका कामलाई थप आर्थिक शुसासन कायम गरी पारदर्शी बनाउन र पालिकाबाट प्रदान गरिने सेवा प्रभावलाई थप छिटो छरितो बनाउने उदेश्यले सम्वन्धी पालिकामानै पुगेर अनुगमन थालिएको प्रमुख जिल्ला अधिकारी रिजालले जानकारी दिए। सोही क्रममा प्रमुख जिल्ला अधिकारी रिजालको नेतृत्वमा जिल्ला स्थित सुरक्षा निकायका प्रमुख सम्मीलित टोली मकवानपुर जिल्लाको राक्सिराङ्ग र कैलाश गाउँपालिका पुगेर त्यहाँ वस्तुस्थिती बारे जानकारी लिएको छ ।

उक्त टोलीले दुवै गाउँपालिका भित्र सञ्चालीत विकास निमार्णका आयोजनाहरूको अवस्था र गाउँपालिकाले सर्वसाधारणलाई पुर्‍याउदै आएको सेवा प्रभावको अवस्था बारे जानकारी लिएको थियो । अनुगमन पश्चात प्रमुख जिल्ला अधिकारी रिजालले पालिका भित्र हुने सबै विकास निमार्णका कामलाई प्राथमिकताका साथ अघि बढाउने र सेवा प्रभावलाई थप सजिलो बनाउने प्रशासनको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । दुबै गाउँपालिकामा भएको दुई फरक फरक कार्यक्रममा सम्बन्धित गाउँपालकाका जनप्रतिनधी र कर्मचारीहरूले त्यहाँ बिषय वस्तु बारे थप प्रकाश परेका थिए ।

दुई महिना अघि सुरूवा भई आउनुभएका प्रमुख जिल्ला अधिकारी रिजालले जिल्लाका सबै स्थानीय तहमा विकास निमार्णको काम प्रभावकारी ढङ्ग अघि बढनुपर्ने र सर्वसाधारणको सेवा प्रभाव छिटो छरितो रूपमा सम्पन्न गर्नु आफ्नो स्थानबाट पहलकदमी अघि बढाएका छन् ।

# संसद विघटनको विरुद्ध काँग्रेसको प्रदर्शन

◆ विकास संवाददाता

प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा संसद विघटन गर्ने असंवैधानिक एवं अलोकतान्त्रिक कदमका विरूद्ध नेपाली कांग्रेस मकवानपुरले मकवानपुरको प्रतिनिधिसभाको दुवै क्षेत्रमा ब्यापक विरोध प्रदर्शन गर्ने भएको छ । कांग्रेसको प्रतिनिधिसभा १ को हेटौंडा उपमहानगर पालिका १६ को हटिया चिसापानी बजार र प्रतिनिधिसभा २ को थाहा नगरपालिकाको पालुङमा यही पुस १३ गते संसद विघटन, सर्वसत्तावाद, भ्रष्टाचारको विरूद्ध र लोकतान्त्रिक संविधानको पक्षमा र्‍यालीसहित विशाल विरोध प्रदर्शन गर्न लागेको हो ।

कांग्रेसले देशव्यापीरूपमा १ सय ६५ नै निर्वाचन क्षेत्रमा एकसाथ गर्ने विरोध प्रदर्शनको आवश्यक तयारीका पूरा गरेको जनाएको छ ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

## थाहामा होटल....

एशोसिएनले जनाएको छ ।

चित्लाङका देवेन्द्र नेपालले २० रोपनी जग्गामा रिसोर्ट निर्माण गरिरहेका छन्न्। ढुंगा र माटोको जोडाइमा भूकम्पप्रतिरोधी रिसोर्ट भवन निर्माण गरेको नेपालले बताएरू। थाहा नगरपालिका–९ चित्लाङमा उनले स्कुलको जग्गा भाडामा लिएर अर्गानिक रिसोर्ट सञ्चालन गर्दै आएका थिएरू। अहिले आफैँले जग्गा खरिद गरेर भवन निर्माण गरेर रिसोर्ट सञ्चालन गरेका छन् । उनले चित्लाङ रिसोर्ट सञ्चालनमा ल्याएका हुन् । नेपालले भने, 'आन्तरिक एवं बाह्य पर्यटकलाई नयाँ स्वाद र बास दिने गरेका छौं, पाहुनाहरू सन्तुष्ट छन् ।'

थाहानगरका दुई वटा गाउँलाई नेपाल पर्यटन बोर्डले दुई वटा पर्यटकीय गाउँ घोषणा गरिसकेको छ । नगरको चित्लाङ र कुन्छाललाई पर्यटकीय गाउँको घोषणा गरिसकेको हो । यि घोषणाहरूले पनि पर्यटकलाई आकर्षण गर्नका लागि मद्दत मिलिरहेको स्थानीय पर्यटन व्यवशायिहरू बताउँछन् । थाहानगरमा पर्यटकलाई आकर्षण गर्नका लागि नगर पालिका तथा संघ र प्रदेश सरकारको तर्फबाट पनि विभिन्न संरचनाहरू निर्माण भैरहेको थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टले जानकारी दिए । विष्टका अनुसार–'थाहा–४ मा थाहा पार्क, दामनका भरेङ, कुन्छाल गाउँ, पापुङ, टिष्टुङको नर्वे ढुङ्गा, चित्लाङ चलन्द्रागिरीमा हिल स्टेशन लगायत सबै क्षेत्रमा पर्यटन विकासका पुर्वाधारहरू निर्माण भैरहेको छ । प्रत्येक वडामा पर्यटकीय गन्तव्य घोषणा गरेर नगरेले विभिन्न कार्यक्रमहरू संचालन गरिरहेको प्रमुख विष्टको भनाइ छ । उनले भने–'पर्यटन वर्ष शुभारम्भकै दिन हामीले प्रत्येक वडाका ५/५ वटा गन्तव्य घोषणा गरिसकेका छौं, त्यसको प्रवर्द्धन र विकासका लागि नगरपालिका प्रतिवद्ध छ ।' विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिको संगम जस्तै रहेको थाहानगरमा स्वच्छ र चिसो हावापानी रहेकोले पनि यहाँ बाह्रै महिना आन्तरिक एवं बाह्य पर्यटक आउने गर्छन् ।

'थाहानगरमा पर्यटकहरू जोडोको तुलनामा गर्मी महिनामा बढि आउछन्' गुर्जुधारा होमस्टेका सञ्चालक एवं स्थानीय समाजसेवी बुद्धरत्न मानन्धरले भने, 'जति गर्मी बढ्दै जान्छ, त्यतिकै अनुपातमा चित्लाङमा शितलताका निम्ति पर्यटक आउने गर्छन् ।' सधैँ चिसो र ठण्डा हुने चित्लाङमा थानकोटबाट केबलकार र पैदलै पुग्न पनि सकिन्छ । काठमाण्डौंबाट चित्लाङ प्रवेश गरेका पर्यटकहरू, मार्खु, बज्रवाराही कुन्छाल टिष्टुङ तथा दामन र आग्रासम्म पुग्छन् । यहाँका अधिकांश होमस्टे र रिसोर्टले पाहुनालाई अर्गानिक वस्तु मात्र खान दिन्छन ।

थाहा होटल एशोसिएशनका अनुसार नगरमा साना ठूला गरी २ सय ५० होटल तथा रिसोर्ट रहेका छन् ।यद्यपि एशोसिएशनमा १ सय ४० मात्र आवद्धता रहेको महासचिव केसीले जानकारी दिए ।

## श्रमिताको श्रम: नगरकै एक्ली महिला अटो चालक

◆ कुमार नेगी



विश्वभर कोभिड–१९ को भाइरस संक्रमणका कारण बन्दाबन्दी बेहोर्नु नपरेको भए उनलाई थप सात महिना बिना पारिश्रमिक विदेशमा बस्नुपर्ने थिएन । विदेशमा अलपत्र नेपालीको सूची बनाएर नेपाल फर्काउने सरकारको निर्णयले मकवानपुर थाहा नगरपालिका–६ बज्रबाराहीकी ३१ वर्षीया श्रमिता महर्जनलाई ठूलो राहत मिल्यो ।

जसोतसो नेपाल फर्किएपछि उनलाई त्यत्तिकै बस्न मन लागेन । आम्दानीका लागि केही त गर्नै पर्‍यो भन्ने लागेपछि अन्ततः उनले यात्रुबाहक अटो किनिन् र नगर क्षेत्रमा चलाउन थालिन । अहिले त्यसैको आम्दानीले घरखर्च चलाउन सकेको उनको भनाइ छ ।

पहिलोपटक वैदेशिक रोजगारी अन्तर्गत ओमानमा दुई वर्ष बसेपछि उनी नेपाल फर्किएकी थिइन् । नेपाल फर्केपछि उनले नगरमा इन्टरनेट सेवा प्रदायक संस्थामा काम गरिन् । तैपनि उनलाई विदेश मोहले भने छाडेको थिएन । "ओमानमा हुँदा प्रवेशाज्ञाको म्याद नसकिँदै बिरामी भएँ, त्यसपछि जसोतसो म्याद गुजारेर नेपाल फर्किएँ", उनले भनिन् ।

नेपाल फर्किएपछि घरटोलमै पाएको रोजगारीबाट सन्तुष्ट हुन नसकेपछि उनी फेरि वैदेशिक रोजगारीका लागि कस्सिइन् र कुवेत पुगिन् । कुवेतमा पुग नपुग दुई वर्ष बस्दा उनी घर फर्किने तयारी गर्दै गर्दै थिइन । त्यहीबीच कोभिड–१९ को महामारी फैलियो । बन्दाबन्दी घोषणासँगै अन्तरराष्ट्रिय उडान बन्द भए र थप सात महिना कुवेतमै अड्किनु पर्‍यो ।"सात महिनासम्म तलब नपाउँदा एकदमै समस्या भएको थियो, त्यसपछि घरबाट झण्डै रू एक लाख झिकाएर नेपाल फर्किएँ", महर्जनले सुनाइन ।

महर्जनले अटो किनेर चलाउन थालेको धेरै दिन भएको छैन । केही दिनअघि मात्रै उनले अटो किनेकी थिइन । अटो चलाउन थालेपछि अहिले उनको दैनिकी फेरिएको छ । बिहान उठ्नेबित्तिकै उनको अटो यात्रा शुरू हुन्छ । धेरैजसो थाहा नगरपालिकाको बज्रबाराही क्षेत्रमा चल्ने अटो यात्रुको मागअनुसार दामन, पालुङ, टिस्टुङ, चित्लाङ र इन्द्रसरोवरको मार्खु क्षेत्रसम्म पुग्नुपर्ने हुन्छ । "अटो किनेर ठीकै गरेछु भन्ने लागेको छ, खाली बस्नु परेको छैन," उनी भन्छिन् "अन्य खर्च कटाएर अटोबाट दैनिक सरदर एक हजार रूपियाँ जोगिने गरेको छ ।" थाहा नगरपालिकामा अहिले करीब डेढ सय अटो सञ्चालनमा छन् । तीमध्येमा हाल महिला चालक महर्जन एक्ली चालक हुन् ।

## सकिए .....

कुराकानीका क्रममा भनेका थिए, 'गाडी बोकेको नोल पनि थियो। २–३ सालअघि नोल चिरेर आगो तापिदिए । चिनो पनि हरायो ।' बहादुर शमशेरले नेपाल छाड्दा काठमाडौंबाट भीमफेदीसम्म गाडी बोकेको अनुभव पनि उनीसँग थियो ।

पक्षघात रोगबाट पीडित भएपछि उनी आफन्तको सहारामा घरमा भित्र–बाहिर गर्थे । बिरामी र बुढ्यौलीका कारण ७–८ वर्षयता घर नछाडेका उनलाई पछिल्लो समय पक्षघातसँगै दुवै घुँडा दुख्ने समस्या थियो । 'उहाँको राति ११ बजे घरमै निधन भएको हो। एउटा इतिहासको अन्त्य भएको छ', थाहा नगरपालिकाका मेयर लवशेर विष्टले भने ।

त्रिभुवन राजपथ बन्नुअघि यस क्षेत्रका बासिन्दाले भीमफेदीबाट काठमाडौंसम्म गाडी बोक्ने गरेका थिए । सँगै गाडी बोक्ने छिमेकी जुक्तबहादुर वाइबाको तीन

**तसर गाउँका मात्रै ४८ जनाले राणाकालमा गाडी बोकेका थिए ।**

वर्षअघि निधन भएपछि उनले छरछिमेकसँग एक्लो महसुस गरेको सुनाउने गर्थे । घलानका बुवा पनि मोटर बाक्ने काम गर्थे । उनी बुवासँग पछि लागेर मोटर बोक्न भीमफेदी झरेका थिए । उनले लगातार २५ वर्ष गाडी बोकेको कमाइले पुरन्डीमा ३० रोपनी जग्गा जोडेका थिए ।

गाडी बोक्ने सबै जीवित इतिहासको अन्त्य भएको वडाध्यक्ष गुरूङले बताए । राणाकालमा भीमफेदीबाट काठमाडौंसम्म गाडी पुर्‍याउने अधिकांश चित्लाङ र बज्रबाराहीका बासिन्दा रहेको उनले सुनाए। उनका अनुसार तसर गाउँका मात्रै ४८ जनाले राणाकालमा गाडी बोकेका थिए । काँधमा गाडी बोक्नेहरूमध्ये घलान दोस्रो पुस्ताका भरिया हुन् । १५ वर्षको उमेरमा विवाह गरेका घलानका २ छोरा र ३ छोरीसहित १४ जना सन्तति छन् ।

## थाहानगरका एकजना पक्राउ

◆ विकास संवाददाता

प्रहरीले लागुऔषध चेरेश सहित मकवानपुरका एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुर थाहा नगरपालिका वडा नं. ८ का १९ वर्षिय आशिष सापकोटा रहेका छन् ।

महानगरीय प्रहरी वृत थानकोटबाट खटिएको प्रहरी टोलिले १० पुस दिउँसो काठमाण्डौ चन्द्रागिरि नगरपालिका वडा नं. ५ दाउराडिपोबाट लागुऔषध चरेश सहित सापकोटालाई पक्राउ गरेको हो ।

सापकोटालाई शंकास्पद रूपले उभिरहेको अवस्थामा देखेपछि प्रहरीले चेकजाँच गर्दा उनले बोकेको झोला खानतलासी गर्दा लागुऔषध चरेश २ के.जि. ९०० ग्राम फेला परेको महानगरीय प्रहरी वृत थानकोटले जनाएको छ ।

सापकोटामाथि लागुऔषध (नियन्त्रण) ऐन २०३३ बमोजिम अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

## जिससले फुटबल प्रतियोगिता गर्ने

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले स्थानियतह स्तरीय फुटबल प्रगियोगिता आयोजना गर्ने निर्णय गरेको छ । आईतबार जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको ७२ औं बोर्डले १० वटै स्थानिय तहहरूको सहभागिता हुने गरि प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो ।

बैठकले जिल्ला समन्वय समितिको आयोजना एवम् जिल्ला खेलकुद विकास समिति मकवानपुरको व्यवस्थापनमा प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको प्रमुख खुलालले जानकारी दिए ।

## "एफ.सि विजय युथ हेटौंडा गोल्डकप" माघमा हुने

◆ विकास संवाददाता

एफ.सि विजय युथ क्लवले हेटौंडामा 'एफ.सि विजय युथ हेटौंडा गोल्डकप' माघमा हुने भएको छ । पत्रकार सम्मेलन गर्दै हेटौंडा गोल्डकप हुन लागेको आयोजक विजय युथ क्लबले जानकारी दिएको हो । विजय युथ क्लब हेटौंडाले माघ २२ गतेबाट फागुन १ गतेसम्मको पहिलो संस्करणको हेटौंडा गोल्डकप फुटबल प्रतियोगिता आयोजना गर्न लागेको हो ।

हेटौंडा १० स्थित वनविज्ञान अध्ययन संस्थानको खेल मैदानमा हुने प्रतियोगितामा मोफासलका दश टोलीको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष सुदीप राजबाहकले बताए । प्रतियोगितामा आयोजक एफसी विजय युथ, वीरगञ्ज युनाइटेड, सर्लाही– ११, दुधौली स्पोर्टस् क्लब सिन्धुली, हर्दी युवा समाज चितवन,नवजनजागृती युवा क्बल सिमरा, वीरगञ्ज युथ एकेडेमी,सेन्ट्रल कलेज चितवन, एफसी रियाले काठमाडौं सहभागी हुने प्रतियोगिता संयोजक राजेश भेटवालले जानकारी दिए ।

प्रतियोगितामा विजेताले नगद ३ लाख र उपविजेताले १ लाख ५० हजार रूपैयाँ प्राप्त गर्ने छन् भने विधागतरूपमा उत्कृष्ट हुने गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, फरवार्ड तथा प्रशिक्षकलाई जनही नगद पाँच–पाँच हजार रूपैयाँ प्रदान गरिनेछ ।प्रत्येक खेलमा म्यान अफ दी म्याच समेत प्रदान गरिनेछ ।

## बकैया पनि बालमैत्री घोषणा हुँदै

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाँउपालिकाले नेपालकै पहिलो बालमैत्री गाँउपालिका घोषणा गरेको थियो । त्यस पश्चात जिल्लाकै बकैँया गाँउपालिकाले पनि बाल मैत्रि घोषणाको तयारी गरिरहेको छ । माघ मसान्तसम्म गाँउपालिका बालमैत्री घोषणा गरिसक्ने पालिकाकी उपाध्यक्ष सरला बोलखेले जानकारी दिनुभयो । बाल मैत्री घोषणाका लागि आवश्यक ३९ वटै सुचक पुरा गरेर घोषणाको अन्तिम तयारीमा तीव्र गतिमा पालिका अघि बढीरहेको उनले जानकारी दिइन् ।

बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानियशासन कार्यान्वयन कार्यविधि २०६८, नेपालको संविधान २०७२ को मौलिक हक, बालबालिका ऐन २०७५, स्थानिय सरकार संचालन ऐन २०७४ मा बालबालिका केन्द्रित कानूनी व्यवस्थालाई अवलम्बन गरि बालमैत्री स्थानिय शासन अवलम्बनको अभियान चलाईएको छ ।

त्यसैगरी, उक्त शासन अवलम्बनका लागि ३९ वटा सुचकहरू पुरा गरी जिल्ला समन्वय समितीबाट अनुगमन गराएर प्रमाणित गराएर घोषणा गर्न लागिएको उपाध्यक्ष बोलाखेले जानकारी दिइन् । अधिकार, राजनिती, आर्थिक र सामाजिक कारणले गर्दा बालमैत्री गाउँपालिका घोषणा गर्नुपर्ने बताउँदै राष्ट्रिय सहजकर्ता विष्णु चौबेले यसबाट बालबालिकामा सचेतना, अभिभावकहरूमा स्थानिय सरकार, जनप्रतिनिधिप्रति सकारात्मक सोच, स्थानिय तहमा विकास लगायतका फाईदाहरू पुग्ने बताए । उपाध्यक्ष सरला बोलखेले बालमैत्री गाउँपालिका घोषणा गरिए गाउँपालिकाले गर्नुपर्ने तीन सय ५८ काममध्ये दुईसय ६४ काम पुरा हुने बताइन् । उनले बालमैत्री गाउँपालिका घोषणा गर्नु सुरूवात मात्र भएकोले यसलाई स्थायित्व दिनका लागि पालिकाले प्रत्येक वडामा अनुगमन गर्ने समेत बताइन् । उनले अभिभावकविहीन बालबालिकाका लागि पुर्नस्थापना केन्द्रको निर्माण गरी उनीहरूका लागि सीप र शिक्षाको समेत व्यवस्था गर्न लागिएको जानकारी दिइन् ।

जेष्ठ मसान्तमा घोषणा गर्ने भनेर योजना बनाएका थियौं तर कोरोना महामारीको कारणले माघ मसान्त सम्म बालमैत्री घोषणा गर्ने उपाध्यक्ष सरला बालखेले जानकारी दिइन् । उनले आवश्यक पर्ने सुचकहरू तयारी बनाईसकेको पनि बताइन् । कक्षा ९ र १० मा अध्यनरत विद्यार्थीहरू बाल विवाह गर्न खोज्ने गरेको बालखेले बताइन् । लकडाउनको पछाडी ४० देखि ४५ वटा बाल विवाह रोकेको उनले जानकारी दिइन् । वडा अध्यक्ष लगायत जनप्रतिनिधिहरू प्रत्यक्ष लागेर जनचेतना दिईरहेको पनि उनले बताइन् ।

परिवारमा बुवा आमा झगडा गर्ने, मदिरा सेवन गर्ने हुँदा वातावरण नमिल्ने पारिवारिक समस्या हुँदा बाल विवाह भएको जानकारी दिईन् । एक अर्कालाई मनपराएर गर्ने बाल विवाह हुने गरेको पाईएको समेत बोलखेले बताइन् ।

# १२ कक्षाको परीक्षा तालिका सार्वजनिक

◆ विकास संवाददाता

कोरोना भाइरस (कोभिड-१९) संक्रमित भएर कक्षा १२ को परीक्षा दिन छुटेका विद्यार्थीहरूका लागि परीक्षा तालिका सार्वजनिक भएको छ ।

छुटेका विद्यार्थीका लागि राष्ट्रिय परीक्षा बोर्डले १६ पुसदेखि २३ पुससम्म परीक्षा सञ्चालन गर्न लागेको हो ।

परीक्षा विहान १० बजेदेखि साढे ११ बजेसम्म सम्बन्धि विद्यालयमै सञ्चालन हुने बोर्डका अध्यक्ष प्रा.डा.चन्द्रमणि पौडेलले जानकारी दिए ।

यसपटकको परीक्षामा सहभागी नहुनेहरूका लागि फेरी अर्को परीक्षाको व्यवस्था नगरिने अध्यक्ष पौडेल बताए । कोरोनाका कारण स्थगित परीक्षा गत मंसिर ९ गतेदेखि १६ गतेसम्म सञ्चालन गरिएको थियो ।

## लागत साँफेदारीमा पलफुलको विरुवा वितरण सम्बन्धी जरुरी सूचना !

यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा फलफुलको विरुवा वितरण गर्ने कार्यक्रम रहेकोले मिति २०७७ पौष १५ गते भित्र तपसिलको विरुवाको माग गर्नका लागि आवश्यक कागजातसहित निवेदन पेश पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| विरुवाको नाम | परल मूल्य | कृषकले तिर्नुपर्ने मूल्य |
|---|---|---|
| १. किवि | रु.१०० | रु.५० |
| २. जापनिज हलुवावेद | रु.१०० | रु.५० |

आवश्यक कागजातहरुः

१. निवेदन १ प्रति
२. कृषक समूह, कृषि सहकारी, कृषि फर्म दर्ता तथा कृषि कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी १ थान
३. कृषक समूह/कृषि सहकारीको बैठक प्रतिलिपी १ थान
४. पान दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति
५. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

**थाहा नगरपालिका**
कृषि विकास शाखा

## साँफेदारीमा बाख्रा स्रोत केन्द्र स्थापनाको लागि बोका वितरण सम्बन्धी सूचना !

सूचना प्रकाशित मितिः २०७७/०९/०८


यस थाहा नगरपालिका पशुसेवा शाखाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाख्रा स्रोत केन्द्र स्थापनाको लागि बाख्रा पकेट क्षेत्रका बाख्रा पालक कृषकहरुलाई लागत साँफेदारीमा बोयर क्रस बोका वितरण गर्नुपर्ने कार्यक्रम रहेको हुनाले तपसिल अनुसारको शर्तनामा हुने गरी सूचना प्रकाशित मितिले लागू हुने गरी १५ (पन्ध्र) दिनभित्र तपसिल अनुसारको कागजात लिई यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

१. बाख्रा पालन समूहको पान दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
२. कृषक समूहको नियमित बैठक बसेको विवरण खुल्ने माइन्युटको प्रतिलिपी तथा समूहमा कम्तीमा २०० बाख्राको संख्या भएको र उद्देश्य सहितको बैठक प्रतिलिपी ।
३. समूह दर्ता तथा पान दर्ता प्रतिलिपी ।
४. समूहका सदस्यहरको व्यवस्थित बाख्राको खोर निर्माण भएको ।
५. लागत साँफेदारीमा छनोट भएपछि ५० प्रतिशत लगानीमा बोका खरिद गर्ने प्रतिवद्धता पत्र ।

थप जानकारीको लागि:
९८४५०७२०४०, ९८४५५७५४४३ र ९८६११६११०६

**थाहा नगरपालिका**
पशुसेवा शाखा




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी